आज मिति २०८२ साल असार ३२ गते बुधबारको दिन इलाम नगरपालिकाका प्रमुख केशर थापाज्यूको अध्यक्षतामा तिम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको ५८ औं बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति:-

प्रमुख श्री केशर थापा

उपप्रमुख श्री विष्णु कुमारी लिम्बु (दाहाल) बिष्णुदाहाल

वडाध्यक्ष श्री गायत्रीराम बस्नेत

" श्री गिरिराज रिजाल

" श्री हेम बहादुर सुनुवार

" श्री नुतनदेव दुलाल

" श्री काजी बहादुर श्रेष्ठ

" श्री दुर्गा श्रेष्ठ

" श्री नरेश श्रेष्ठ

" श्री धनमान तामाङ

" श्री गोपाल चौहान

" श्री सोमनाथ प्रधान

" श्री हर्क सेढ्ठाइ

" श्री लारवमान लिम्बु

का.पा.स. श्री डायना राई

" श्री साईमाया कमिती सईमाया

" श्री धनमाया लिम्बु

" श्री कुमारी ल्वागुन

" श्री बिबि लिम्बु

" श्री बिरेन्द्र बहादुर राई

" श्री देवेन्द्र मुखिया

" श्री दिपक तिवारी

सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

निर्णय नं १

नगर कार्यपालिकाको एघारौं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति बैठकमा प्रस्तुत भइ छलफल गरियो। उक्त बैठकका प्रमुख निर्णयहरुको कार्यान्वयन निम्नानुसार भएको पाइयो । आगामी दिनमा समेत कार्यपालिकाका निर्णयहरु समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. इलाम नगरपालिकाको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम उपर छलफल गरि स्वीकृतका लागि नगर सभा समक्ष सिफारिस गरिएकोमा नगर सभाबाट स्वीकृत भइसकेकको ।

ख. इलाम नगरपालिकाको आ.व. २०८२।८३ को आर्थिक विधेयक, २०८२ सम्बन्धमा राजस्व परामर्श समितिको देहायको परामर्श नगरसभामा सिफारिस गर्ने निर्णय भएकोमा नगर सभाबाट स्वीकृत भइसकेको ।

ग. इलाम नगरपालिकाको आ.व. २०८२।८३ को आय र व्यय अनुमान नगरसभामा स्वीकृतिका लागि पेश भई नगर सभाबाट स्वीकृत भइसकेको ।

घ. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गरिएको ।

ङ. इलाम नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ११८५, मिति २०८२।०२।२७ र १२ नं. वडा कार्यालयको च.नं. ७२१, मिति २०८२।०२।२० को पत्रानुसार चालु आ.व. २०८१।८२ मा संचालन हुने रकम योजनाहरु स्थानान्तरण गरिएको ।

च. पुराना तथा जिर्ण अवस्थामा रहेका विद्यालय भवनहरु तथा विद्यालय परिसर भित्र रहेका पुस्तकालयको भवन भत्काउने सम्बन्धमा आवश्यक कागजात सहित अनुमति माग भएको सम्बन्धमा निर्णय भए बमोजिम कार्यान्वियन भएको ।

छ. खानेपानीका उपभोक्ताहरुबाट महसुलका सम्बन्धमा रहेको बाँकी बक्यौता सम्बन्धमा निर्णय भए बमोजिम सूचना प्रकाशन गरिएको ।

ज. इलाम नगरपालिका वडा नं. १, साखेजुङ्ग ५ (ख) कि.नं. २, क्षेत्रफल १६०-८-२-३ रोपनीको नेपाल सरकारको नाउमा दर्ता कायम रहेको जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनिती, २०७९ को दफा ८ को १ को ग तथा अनुसूची २ को १ को झ बमोजिम कृषि सम्बन्धी अनुसन्धान प्रयोजनका लागि नेपाल कृषि अनुसन्धान परिषद् (NARC) लाई ऐ. कार्यनितीको दफा ६ को उपदफा ४ क बमोजिम जग्गा उपयोगका लागि उपलब्ध गराउन सम्बन्धित निकायहरुमा सिफारिस गर्ने तथा सोको अनुमोदनको लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय भएकोमा नगर सभाको अनुमोदन पश्चात निर्णय कार्यान्वयनको लागि पत्राचार भएको

झ. सुम्बेक माध्यमिक विद्यालयको कक्षा थप सम्बन्धमा वडा शिक्षा समिति र विद्यालय स्वयंले आवश्यक जनशक्ति र पूर्वाधारनको व्यवस्थापन गर्ने गरि कक्षा संचालन गर्ने गरि कक्षा थपको अनुमती प्रदान गर्ने सम्बन्धमा निर्णय भए बमोजिम कार्यान्वयनको लागि पत्राचार गरिएको ।

निर्णय नं २

इलाम नगरपालिकामा आ.व. २०८१।८२ मा संचालित भई विविध कारणवश तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेका निम्न योजनाहरुको ठेक्का म्याद थप गर्ने निर्णय गरियो ।

देहाय

| क.स. | आयोजनाको नाम | ठेगाना | निर्माण व्यवसायि नाम | म्याद थप गर्नु पर्ने कारण | सम्पन्न गर्नु पर्ने अवधि | म्याद थप गरिएको अवधि |
|---|---|---|---|---|---|---|
| १ | Ramjanaki Mandir Chhange Khola Barbanda Simle Bhute Khola Road Construction and Improvement, Ilam 5 | इ.न.पा.-०५ | श्री जि डि एन कन्स्ट्रक्सन | अत्याधिक बेमौसमि बर्षातको कारणले बाटो बिग्रिएर | २०८२-०२-२० | २०८२/०८/२० |

CamScanner

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सामाग्रि ढुवानी समस्या भएकोले । | | |
| २ | Baghkhor Ring Road Construction & Improvement, Ilam 3 | इ.न.पा.-०३ | श्री कन्टा निर्माण सेवा फाकफोकथुम | अत्याधिक बेमौसमि बर्षातकव कारणले बाटो बिग्रिएर सामाग्रि ढुवानी समस्या भएकोले । | २०८२-०२-२० | २०८२/०८/२९ |
| ३ | *Baghkhor Ringroad Construction and Improvement Phase-II, Ilam-3* | इ.न.पा.-०३ | श्री सुशिल निर्माण सेवा | अत्याधिक बेमौसमि बर्षातकव कारणले बाटो बिग्रिएर सामाग्रि ढुवानी समस्या भएकोले । | २०८२-०३-१५ | २०८२/०८/२९ |
| ४ | *Construction of Footpath Along Narayansthan-Nepal Bank-Prakashpath-Chowk Bazar-Nabin Chowk-Tudhikhel-Fulghachi Upto Zero K.M Section Ilam Municipality Ward no 7,* | इ.न.पा.-०७ | श्री वुद्दिष्ट निर्माण सेवा | निर्माण कार्य संचालन गर्ने क्रममा त्यहा सरोकारवाला घरधनीहरुले काम रोक्न निवेदन दिएकोले विवाद उत्पन्न भएको । | २०८२/०३/१५ | २०८२/०९/२९ |
| ५ | कोठि डाडा रिङ्गरोडमा रेलिङ्ग निर्माण उपभोक्ता समिति, इनपा- ०४ | इ.न.पा.-०४ | कोठि डाडा रिङ्गरोडमा रेलिङ्ग निर्माण उपभोक्ता समिति, इनपा-०४ | वर्षाको कारणले कार्य ढिलो भएको | २०८१/०३/१५ | २०८२/१०/२५ |

निर्णय नं. ३

यस कार्यालयको मिति २०८२।०२।१८ को प्रकाशित सूचना बमोजिम निवेदन दर्ता भई तहवृद्धिको लागि पेश भएका ११ जना कर्मचारीहरुको मिति २०८२।०२।२९ को तहवृद्धि सिफारिस समितिको निर्णयबाट तहबृद्धिका लागि सिफारिस भएका निम्न कर्मचारीहरुलाई तहवृद्धि गर्ने निर्णय गरियो ।

निम्न :

| क्र.सं. | कर्मचारीको नामथर (संकेत नं.) | हालको पद/तह | सेवा, समुह | तहवृद्धि हुने पद र तह |
|---|---|---|---|---|
| १ | होम प्रसाद शिवाकोटी | सहायक पाँचौ | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| २ | हेमराज ढकाल | सहायक पाँचौ | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ३ | रेवु राज आचार्य | सहायक पाँचौ | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ४ | तिल कुमारी थापा | सहायक पाँचौ | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ५ | बिमल ढुङ्गाना | सब-इन्जिनियर/सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | अधिकृत छैठौं (इन्जिनियरिङ्ग) |
| ६ | कुलदिप घिमिरे | सब-इन्जिनियर/सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | अधिकृत छैठौं (इन्जिनियरिङ्ग) |
| ७ | मोहन समसेर कुँवर | सब-इन्जिनियर/सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | अधिकृत छैठौं (इन्जिनियरिङ्ग) |

CamScanner

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| ८ | पूर्ण कुमार आङदेम्बे | सब-इन्जिनियर/सहायक पाँचौं | स्थानीय इन्जिनियरिङ/सिभिल | अधिकृत छैठौं (इन्जिनियरिङ) |
| ९ | बासु देव पोखेल | सब-इन्जिनियर/सहायक पाँचौं | स्थानीय इन्जिनियरिङ/सिभिल | अधिकृत छैठौं (इन्जिनियरिङ) |
| १० | समिक्षा कुमारि ढकाल | प्राविधिक सहायक/सहायक पाँचौं | स्थानीय शिक्षा/शिक्षा प्रशासन | अधिकृत छैठौं (शिक्षा) |
| ११ | हरि मगर | कम्प्युटर अपरेटर/सहायक पाँचौं | स्थानीय विविध | कम्प्युटर अपरेटर (अधिकृत छैठौं) |

निर्णय नं. ४

घरभाडा सम्झौता नविकरण तथा घरभाडा बक्यौता असुल सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. पत्रकार महासंघको छेउमा रहेको पुरानो भवन जिर्ण माछा पसल रहेको सार्वजनिक निजी साझेदारीमा निर्माण सम्बन्धमा:- नगरपालिकाले मर्मत गर्ने वा सार्वजनिक निजी साझेदारीमा निर्माण गरि भाडामा लगाउने ।

ख. घर भाडा सम्बन्धी नविकरण तथा बहाल भाडा नतिर्ने देहायका व्यक्तिहरुको सम्बन्धमा निम्नानुसार गर्ने ।

देहाय

| क.सं. | नाम थर | घर/भवनको सटर | सम्झौता अवधी |
|---|---|---|---|
| १ | नगेन्द्र कुमार श्रेष्ठ | भङ्याङ् चोकको पुरानो घरको पहिलो तला | म्याद सकिएको |
| २ | किशोर कार्की | भङ्याङ् चोकको पुरानो घरको पहिलो तला | म्याद सकिएको |
| ३ | शमुयल गुरुङ् | सिटीमार्ट दोस्रो तला ख २३ र २४ | म्याद सकिएको |
| ४ | लासाङ् शेर्पा | सिटीमार्ट दोस्रो तला ख १२ र १३ | म्याद सकिएको |
| ५ | अविसेक दियाली | चोक बजार एस बि आइ छेउको घर | म्याद सकिएको |
| ६ | सन्जु राइ | मोटर साइकल भवनको भुँइतला | मर्मत सम्भार सहित ५ वर्षको लागि सम्झौता गर्न माघ |
| ७ | गणेश चौधरी | मासु पसलभवनको सटर नं ३ खाली गर्न लगाउने | नियमित भाडा नबुझाएको र सो सटर नयाँ व्यवसायीले माग गरेको |
| ८ | विनिता राइ | सिटीमार्ट दोस्रो तला ख ४ | म्याद सकिएको |
| ९ | सन्नी शाह बरही | सिटीमार्ट पहिलो तलाख ६ | म्याद सकिएको |
| १० | लासाङ् शेर्पा | दोस्रोतला ख१२,१३, | म्याद सकिएको |
| ११ | समुयल गुरुङ् | दोस्रो तला ख २३ र २४ | म्याद सकिएको |
| १२ | माइपोखरी ट्रेनिङ् सेन्टर | कृषि बजार | म्याद सकिएको |
| १३ | मित्रलाल तामाङ् | मोटर साइकल पार्किङ् भवन सिंडीमुनी | म्याद सकिएको |
| १४ | प्रमिला कोइराला | उद्योग वाणिज्य संघ छेउको | म्याद सकिएको |
| १५ | उज्वल शर्मा | उद्योग वाणिज्य संघ छेउको | म्याद सकिएको |
| १६ | संजिव तामाङ् | सिटीहल जमिन तला | म्याद सकिएको |
| १७ | सावित्रा खडका | भङ्याङ् चोकको घर जमिन तला | म्याद सकिएको |
| १८ | विष्णु माया तामाङ् | हुलाक छेउ | म्याद सकिएको |
| १९ | उषा बालमिकी | हुलाक छेउ | म्याद सकिएको |
| २१ | विष्णुमाया सुवेदी | गुठी खेत | म्याद सकिएको |
| २२ | सोनाम यल्मु | सौचालय छेउ | म्याद सकिएको |

CamScanner

| | | | |
|---|---|---|---|
| २३ | गणेश चौधरी | उद्योग वाणिज्य संघ छेउको | म्याद सकिएको भाडा नियमित नभएको |
| २४ | हरि बस्नेत | सिटीमार्ट | |

निम्न :

अ. भाडा बुझाइरहेकाको हकमा १ वर्षको लागि नवीकरण गर्ने

आ. भाडा नबुझाउनेलाइ भाडा असुल गरि खाली गर्न लगाउने

इ. २ वर्ष म्याद नाघेकाको हकमा १० प्रतिशत भाडा वृद्धि गरि नवीकरण गर्ने ।

**निर्णय नं. ५**

पुवामझुवा क्षेत्र सामुदायिक रेडपाण्डा संरक्षण तथा व्यवस्थापन कार्यविधी, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८२।०२।०५ को निर्णय सहितको सिफारिस बमोजिम देहायका "घ" वर्गको नयाँ निर्माण व्यवसायीको इजाजत पत्र नामसारी गरि इजाजत पत्र उपलब्ध गराउने निर्णय गरीयो ।

देहाय :

| सि.नं. | साविकको फर्मको नाम,प्रो. नाम र ठेगाना | नामसारी हुनुपर्ने फर्मको नाम,प्रो. नाम र ठेगाना | नामसारी हुन सिफारीस गरीएको फर्मको नाम, ठेगाना,प्रो. नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री जय भैरव निर्माण सेवा, इ.न.पा.-०९, इलाम, प्रो. प्रशान्त शिवाकोटी, इ.न.पा.-०९, इलाम | श्री जय भैरव निर्माण सेवा, इ.न.पा.-०९, इलाम, प्रो. धन कुमार सुब्बा लिम्बू, सू.न.पा.-०१, इलाम | श्री जय भैरव निर्माण सेवा, इ.न.पा.-०९, इलाम, प्रो. धन कुमार सुब्बा लिम्बू, सू.न.पा.-०१, इलाम |

**निर्णय नं. ७**

इलाम नगरपालिकाको रिक्त रहेका निम्न पदहरुमा पदपूर्तिका लागि आवश्यक कारवाही गर्ने निर्णय गरियो। साथै नगर प्रहरी नायव निरिक्षक तथा नगर प्रहरी जवान पदको परिक्षाको लागि तपशिल बमोजिमको परिक्षा प्रणाली तथा पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निम्न

क. कृषि स्नातक करार -१

ख. नगर प्रहरी

अ. नगर प्रहरी नायव निरीक्षक (खुला)- १

आ. नगर प्रहरी जवान (खुला) -२ जना

इ. नगर प्रहरी जवान (महिला) -१ जना

(नगर प्रहरीको नियुक्ति गर्दा हलुका तथा ह्यावी सवारी साधन अनुमती पत्र प्राप्त तथा इलाम नगरपालिकाको स्थायी ठेगाना भएका आवेदकहरुलाई विशेष प्राथमिकता दिई पदपूर्ति गर्ने )

ग. जिल्ला कार्यक्रम संयोजक (सुरक्षित आप्रवासन कार्यक्रम) - १

CamScanner

बाह्रौ कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

घ. एम्बुलेन्स ड्राइभर -१

तपशिल

इलाम नगरपालिका

नगर प्रहरी नायव निरिक्षक तथा नगर प्रहरी जवान पदको पाठ्यक्रम तथा परीक्षा प्रणाली

| क्र.स | चरण | विवरण | पुर्णाङ्क | उतीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | क. प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | ख. शारीरिक तन्दुरुस्ती परीक्षा | ८० | ३२ |
| २ | दोस्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| ३ | तेस्रो चरण | लिखित परिक्षा | १०० | ४० |
| ४ | चौथो चरण | अन्तर्वार्ता परिक्षा | ३० | - |
| | | जम्मा | १८० | |

नगर प्रहरी नायव निरिक्षकको हकमा सम्पूर्ण चार वटै चरणको परिक्षा लिइनेछ

नगर प्रहरी जवानको हकमा तेस्रो चरणको लिखित परिक्षा बाहेकका सम्पूर्ण चरणको परिक्षा लिइनेछ।

१. प्रथम चरण

नगर प्रहरी नायव निरिक्षक र नगर प्रहरी जवानको पदको प्रारम्भिक स्वास्थ्य परिक्षण परीक्षा पदपूर्ति समितिले तोकेको सम्बन्धित विज्ञ वा विज्ञहरुको समितिद्वारा लिइनेछ।

क) प्रारम्भिक स्वास्थ्य परिक्षण परीक्षा

| क्र.स | बुँदाहरु |
|---|---|
| १ | अंगभंग/कुरुप देखिनेलाइ- छनौट नगर्ने |
| २ | हातखुट्टा बाङ्गो/ टिङ्गो र ओलाहरु ठिक नभएकोलाइ- छनौट नगर्ने |
| ३ | घुडा Kneelock भएको अथवा Reckiets भइ फाटिएको K2/k2 भन्दा माथिको लाइ – छनौट नगर्ने |
| ४ | धेरै चेप्टो पैताला भएको (भालु पाइले) – छनौट नगर्ने |
| ५ | प्रष्ट बोली नभएको/भकभके- छनोट नगर्ने |
| ६ | लठचौरो – छनौट नगर्ने |
| ७ | ढाड कुप्रो भएको - छनौट नगर्ने |
| ८ | शरीर पुरा झुकाउन नसक्ने - छनौट नगर्ने |
| ९ | जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको) - छनौट नगर्ने |
| १० | उपचार नहुने दुबी भएकोलाइ - छनौट नगर्ने |
| ११ | कपाल झरेको, फुलेको वा रङ्गाएको ( सामान्यतया प्रहरी कार्यालयका लागी असर पर्ने गरी कपाल झरेको, फुलेको वा रंगाउको बाहेक) लाइ - छनौट नगर्ने |
| १२ | लुरे (उचाइ अनुसार अत्याधिक दुब्लो) कम्तिमा पुरुष ५० केजी र महिला ४२ केजी भन्दा कमलाइ - छनौट नगर्ने |
| १३ | आखाँ टेडो भएको - छनौट नगर्ने |
| १४ | कुनै एक आखाँ चिम्लिन नसक्ने (सम्बन्धित व्यक्तित्व भएको विपरीत आखाँमात्र चिम्लिन सक्ने वा दुबै आखाँमध्ये कुनै एक मात्र पनि चिम्लिन नसक्ने लाइ - छनौट नगर्ने |
| १५ | उचाइ अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएकालाइ - छनौट नगर्ने |
| १६ | शरीर मोटो तर हातखुट्टा झिनो देखिनेलाइ - छनौट नगर्ने |
| १७ | अनुहारमा अस्वभाविक दागहरु भएकालाइ - छनौट नगर्ने |
| १८ | शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको (प्रहरी कार्यमा असर नपर्नेगरी धार्मिक सास्कृतिक वा सामाजिक परम्पराको रुपमा खोपिएका ट्याटु बाहेकलाइ - छनौट नगर्ने |
| १९ | दुइ वटा भन्दा बढी दातँ किराले खाएको वा झरेको (अगाडिको दात नझरेको, झरेको भएतापनि उपचार पश्चात प्रतिस्थापन गरेको, किरा लागेको दाँत भरेको वा उपचार योग्य भएको बाहेक लाइ - छनौट नगर्ने |
| २० | भरिकोच वा नशा फुल्ने भएकालाइ - छनौट नगर्ने |

CamScanner

ख) शारीरिक तन्दुरुस्ती (प्रयोगात्मक परीक्षा:) ८० पुर्णाङ्क

| इभेन्टस | ३०० मिटर दौड | सिट अप | पुस अप | चिन अप | ३.२ किमि ( २ माइल दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|
| पुर्णाङ्क | २० | १० | १० | १० | ३० | ८० |
| उतीर्णाङ्क | ८ | ४ | ४ | ४ | १२ | ३२ |

- नगर प्रहरी नायब निरिक्षक र नगर प्रहरी जवानको शारीरिक तन्दुरुस्ती परीक्षा पदपूर्ति समितिले तोकेको सम्बन्धित विज्ञ वा विज्ञहरुको समितिले संचालन गर्नेछ।
- कुनै पनि इभेन्ट्समा अनुतिर्ण हुने उमेद्वारलाइ सो भन्दा पछि हुने इभेन्ट्समा सहभागी गराइने छैन।
- शारीरिक तन्दुरुस्तीको परीक्षाको अंकभार तोकिए बमोजिम हुनेछ।

(इभेन्ट्स १) ३०० मिटर दौड

| क्र.स | पुरुषको लागी समयावधि | पुरुष/महिला अंक: २०.०० | महिलाको लागी समयावधि |
|---|---|---|---|
| १ | ४५ सेकेन्ड वा सो भन्दा कम | २० | ५५ सेकेन्ड वा सो भन्दा कम |
| २ | ४७ सेकेन्ड सम्म | १८ | ५७ सेकेन्ड सम्म |
| ३ | ४९ सेकेन्ड सम्म | १६ | ५९ सेकेन्ड सम्म |
| ४ | ५१ सेकेन्ड सम्म | १४ | ६१ सेकेन्ड सम्म |
| ५ | ५३ सेकेन्ड सम्म | १२ | ६३ सेकेन्ड सम्म |
| ६ | ५४ सेकेन्ड सम्म | १० | ६५ सेकेन्ड सम्म |
| ७ | ५५ सेकेन्ड भित्र सम्म | ८ | ६७ सेकेन्ड भित्र सम्म |
| ८ | ५६ सेकेन्ड भन्दा बढी | अनुतिर्ण | ६७ सेकेन्ड भन्दा बढी |

(इभेन्ट्स २) सिट अप

| क्र.स | पुरुषको लागी समयावधि | पुरुष/महिला अंक: १०.०० | महिलाको लागी समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दामाथि | १० | १५ पटक वा सो भन्दामाथि |
| २ | १८ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १२ पटक सम्म | ४ | ५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि गर्न नसक्ने |

(इभेन्ट्स ३) पुस अप

| क्र.स | पुरुषको लागी समयावधि | पुरुष/महिला अंक: १०.०० | महिलाको लागी समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दामाथि | १० | १४ पटक वा सो भन्दामाथि |
| २ | १७ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ | ४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

(इभेन्ट्स ४) चिन अप

| क्र.स | पुरुषको लागी समयावधि | पुरुष/महिला अंक: १०.०० | महिलाको लागी समयावधि |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दामाथि | १० | ३ पटक वा सो भन्दामाथि |
| २ | १० पटक सम्म | ८ | २ पटक सम्म |
| ३ | ८ पटक सम्म | ६ | १ पटक सम्म |
| ४ | ५ पटक सम्म | ४ | ३० सेकेन्ड सम्म झुण्डिन सक्ने |
| ५ | ५ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेन्ड सम्म झुण्डिन नसक्ने |

(इभेन्ट्स ५) ३.२ कि.मी. (२ माइल) दौड

| क्र.स | पुरुषको लागी समयावधि | पुरुष/महिला अंक: ३०.०० | महिलाको लागी समयावधि |
|---|---|---|---|
| १ | १४ मिनेट वा सो भन्दा कम | ३० | १८ मिनेट वा सो भन्दा कम |
| २ | १५ मिनेट सम्म | २६ | १९ मिनेट सम्म |
| ३ | १६ मिनेट सम्म | २० | २० मिनेट सम्म |
| ४ | १७ मिनेट सम्म | १६ | २१ मिनेट सम्म |
| ५ | १८ मिनेट सम्म | १२ | २२ मिनेट सम्म |
| ६ | १८ मिनेट भन्दा बढी | अनुत्तीर्ण | २२ मिनेट भन्दा बढी |

*नोट : कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।*



CamScanner

# बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

**दोस्रो चरण : विस्तृत स्वास्थ्य परीक्षण**

विस्तृत स्वास्थ्य परीक्षणको लागि इलाम नगरपालिका स्थित जिल्ला अस्पतालका मेडिकल अधिकृत समेतको स्वास्थ्यकर्मीहरुबाट देहाय बमोजिमको स्वास्थ्य जाँच गरी प्राप्त भएको स्वास्थ्य रिपोर्टको आधारमा योग्य/अयोग्य छुट्याइनेछ।

देहाय

१. Chest Check up
२. Urine Test
३. Ear, Nose and throat check up
४. Dental Checkup
५. Blood Pressure and Pulse rate check up
६. Eye test (color blind and vision power
७. HIV and Hepatitis B test

**तेस्रो चरण : लिखित परिक्षा**

लिखित परिक्षाको पूर्णाङ्क – १००   लिखित परिक्षाको उतिर्णाङ्क – ४०   लिखित परिक्षाको समय – ३ घण्टा

| खण्ड | विषय | अंक भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | परिक्षा प्रणाली | प्रश्न संख्या र अङ्क भार |
|---|---|---|---|---|---|---|
| क | नेपाली रचना | २० | १०० | ४० | विषयगत | ४*५ |
| ख | गणित | २० | | | विषयगत | ४*५ |
| ग | संविधान, ऐन तथा सेवा समूहसँग सम्बन्धित | २० | | | विषयगत | ४*५ |
| घ | सामान्य ज्ञान र बौद्धिक परिक्षण | ४० | | | वस्तुगत बहुवैकल्पिक | १५*२ = ३० (सामान्य ज्ञान)<br>५*२ प्रश्न = १० (बौद्धिक परिक्षण) |

**क. नेपाली लेखन**

- पत्र लेखन
- प्रतिवेदन लेखन
- निवेदन लेखन

**ख. गणित**

- प्रतिशत
- नाफा नोक्सान
- साधारण ब्याज
- औषत
- समय र कार्य

**ग. संविधान, ऐन तथा सेवा समूहसँग सम्बन्धित**

- नेपालको संविधानको सामान्य जानकारी (मौलिक हक, नागरिकका कर्तव्य, राज्यका निर्देशक सिद्धान्त तथा नितीहरु)
- स्थानीय सरकार संचालन ऐन (परिच्छेद ३ : गाउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार)
- इलाम नगरपालिकाको विपद् व्यवस्थापन ऐन, २०७५ (परिच्छेद २ : नगर विपद् व्यवस्थापन समितिको गठन काम, कर्तव्य तथा अधिकार)
- नगर प्रहरीले पालना गर्नु पर्ने आचरण तथा काम कर्तव्य र अधिकार सम्बन्धी सामान्य जानकारी

**घ. सामान्य ज्ञान र बौद्धिक परिक्षण**

**क. सामान्य ज्ञान**

- नेपालको भूगोल सम्बन्धी ज्ञान : नेपालको क्षेत्रफल, भौगोलिक सिमाना, भौगोलिक र राजनैतिक विभाजन(संघ, प्रदेश र स्थानीय तह), प्रमुख नदिहरु
- नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी
- नेपालको वर्तमान संविधानको सामान्य जानकारी
- समसामयिक विषय र निवनतम ज्ञान

**ख. बौद्धिक परिक्षण**

- नाफा नोक्सान
- प्रतिसत
- औसत

CS CamScanner

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

- समय र कार्य
- Mirror Image/Water Image
- Series, Coding Decoding

**चौथो चरण : अन्तर्वार्ता परिक्षा**

पूर्णाङ्क ३० अंक

| रोल नं. | नाम थर | अन्तर्वार्ता प्राप्ताङ्क (२५ अंक) | | | स्थानीय बासिन्दा अंक (२ अंक) | सवारी चालक अनुमतीपत्र प्राप्त भएको (३ अंक) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | व्यक्तित्व (८) | सामान्य ज्ञान (८) | विषयवस्तुको ज्ञान (९) | इलाम नागरपालिकाको (२) | A ,C,C1,D, K बाहेकका लाइसेन्स बहाककका लागि (३ अंक) | ३० |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### निर्णय नं. ८

उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

**निर्णय नं. ९**

इलाम नगरपालिकाबाट वितरित सहरी खानेपानीको महशुसल सम्बन्धमा विभिन्न क्षेत्रहरुबाट महशुल सम्बन्धी यस कार्यालयमा निवेदन पेश भइ आएको र स्थलगत निरिक्षण पश्चात प्राप्त अवस्था तथा प्रस्तावहरु सम्बन्धमा मिति २०८२।०३।१६ को खानेपानीको बाँकी बक्यौता बुझाउने सम्बन्धी सूचना प्रकाशन हुनु भन्दा अघि पेश भएका देहायका निवेदकहरुको मात्र महसुल समायोजन गर्ने निर्णय गरियो ।

निम्न

| सि.न. | नाम ,ठेगाना, धारानं | स्थलगत निरिक्षण गर्दाको अवस्था | निवेदकको माग | स्थलगत निरिक्षप पश्चात सिफारीस गरिएको | कैफियत |
|---|---|---|---|---|---|
| 1 | कविता श्रेष्ठ , इ.न.पा.-०७, धारा नं- | मिटर,भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वमा हाल समस्या देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, गेट भल्वमा कुनै समस्या नभएको पाइयो। धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 पुस देखि 2082 जेठ महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमशः 0,58,42,1046,46,50) प्रकृतिको आधारमा 2081 चैत्रको खपत अंक 1046लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 पुसबाट 2082 जेठ सम्मको खपत अंकको औसत खपत अंक 39 लाइ मान्न सकिने देखिएकोले उक्त । महिनाको 39 युनिट अनुसार महशुल असुल गर्न सकिने र उक्त महिनाहको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल र बिलम्ब शुल्क वास्तविक रिडिङ अनुसार नै असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| 2 | सुर्यप्रसाद मैनाली ,इ.न.पा.-०९, धारा नं-50045 | मिटर,भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वमा समस्या देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, गेटले काम नगरेको पाइयो हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 पुस देखि 2082 वैशाख महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमशः 0,0,0,30,1,) प्रकृतिको आधारमा 2081 चैत्रको खपत अंक 30 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 पुसबाट 2082 वैशाख सम्मको खपत अंकको औसत खपत अंक 1 लाइ मान्न सकिने देखिएकोले उक्त 1 महिनाको 1 युनिट अनुसार महशुल असुल गर्न सकिने र उक्त महिनाहको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल र बिलम्ब शुल्क वास्तविक रिडिङ अनुसार नै असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

# बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | टिकाराई , इ.न.पा.-06, धारा नं-3239 | मिटर भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व तथा मिटरमा हाल लिकेज नदेखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, खानेपानी आउनु आगाडी कहिलेकाँही हावा आउने भएकोले वितरण पाइपलाइनमा रहेको हावाले विस्तारै मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 भदौ देखि 2082 जेठ महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश: 31,31,63,31,18,24,16,15,22,20) प्रकृतिको आधारमा 2081 कार्तिकको खपत अंक 63 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 भदौबाट 2082 जेठ सम्मको स्वाभाविक खपत अंकको औसत खपत अंक 23 लाइ मान्न देखिएकोले, उक्त अस्वाभाविक खपत अंक मानिएको 2081 कार्तिकको खानेपानी महशुल 23 युनिट अनुसार महशुल असुल गर्न सकिने र र उक्त महिनाहको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल र बिलम्ब शुल्क वास्तविक रिडिङ्ग अनुसार नै असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

## बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरू

**निर्णय नं. १०**

प्राङ्गारिक कृषि प्रणाली विस्तार कार्यक्रमका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्ने ।

**निर्णय नं. ११**

साना सिंचाइ कार्यक्रम (दोस्रो चरण) कार्यान्वयनका लागि यस नगरपालिका र कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC)फिक्स क्लस्टर बिच भएको MoU को म्याद २०८३ असार मसान्तसम्म थप गर्ने।

**निर्णय नं. १२**

पूर्वाधार विकास समितिबाट सिफारिस भई आएका तपशील बमोजिमका व्यक्तिहरुलाई घरनक्सा पासको सम्पन्नता प्रमाण-पत्र उपलब्ध गराउने ।

तपशिल

| सि.न. | निवेदक | स्थलगत विवरण | निर्णय हुन सिफारिस |
|---|---|---|---|
| १.० | • सान्त कुमारी देवान, इ.न.पा. ७ कि.नं. १/ख ९४; क्षेत्रफल १२७.२० वर्ग मिटर जग्गा; ५ तला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको १ (एक) तला, जम्मा प्लिन्थ क्षेत्रफल ७६.५६८ व.मि. भएको भवनको मिति २०६९/०९/०६ मा प्लिन्थ लेबल निर्माण इजाजत तथा मिति २०७०/०६/०९ मा सुपरस्ट्रक्चर निर्माण कार्यको इजाजत जारी भएको ।<br>• १ तला थप सहित २ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७७.०४५ व.मि. भएको संसोधित नक्सा स्वीकृतिका लागि पेस भई मिति २०७०/११/११ स्वीकृत भएको।<br>• पुन १ तला थप सहित ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २७७.५३ व.मि. भएको संसोधित नक्सा स्वीकृतिका लागि पेस भई मिति २०७१/०२/०२ स्वीकृत भई ३ तला भवनको सुपरस्ट्रक्चर निर्माण कार्यको इजाजत जारी भएको।<br>• २०८२/०३/३१ मा ५ (पाँच) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ४६२.८० व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>- उ. दिशातर्फ खुल्ने झ्याल राखि न्युनतम १ मि. छोडि निर्माण हुनु पर्नेमा ०.६ मि मात्र भएको। साइड मार्जिन नपुगेको।<br>-ग्राउण्ड कभरेज बढिमा ७०% हुनुपर्नेमा ८४.९८% भएको।<br>-सडक क्षेत्राधिकार(६ मि.) र सेट ब्याक(१.५मि.) सहित सडकको केन्द्रबाट ४.५ मिटर छोडि निर्माण हुनुपर्नेमा ४.४ मिटर मात्र भएको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम ग्राउण्ड कभरेज, साइड मार्जिन र सेटब्याक पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटब्याकमा परेको भाग तथा बढी कभरेज भएको भाग घरधनी आफैंले भत्काउने कबुलियतनामा अनुसुचि १३ख गराउने।<br>• पेश भए अनुसार ५ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ४६२.८० व.मि. मध्ये निर्माण इजाजत लिएको क्षेत्रफल २७७.५३ व.मि को नक्सापास दस्तुरको नियमित शुल्कको १.५ गुणा रु २०२.५० को दरले रु. ५६,१९९.८३ र थप बढी निर्माण भएको क्षेत्रफल १८५.२७ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६ प्रति व.मि. को दरले रु ६७,८०८.८२/- फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु १,२६,५०८.६५ शुल्क लिई लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

| | | | |
|---|---|---|---|
| २.० | • मोहन प्रसाद भट्टराई, इ.न.पा. ७ कि.नं. २/क २१७३ ; क्षेत्रफल ०-९-०-० जग्गा, ३ तल्ला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा कर्कटपाता भएको १ (एक) तला जम्मा प्लिन्थ क्षेत्रफल ६३.४५ व.मि. भएको भवनको मिति २०६६/०२/३१ मा प्लिन्थ लेवल निर्माण इजाजत जारी भएको । जग्गा, २/क १३०४ क्षेत्रफल ०-१०-०-०<br>• ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको १ (एक) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १०१.९२ व.मि. संसोधित नक्सा सहितको निवेदन पेश भई मिति २०६६/०८/२२ मा सुपरस्ट्रक्चर निर्माण कार्यको इजाजत जारी भएको ।<br>• २०८२/०३/३१ मा ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २९९.२२ व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको । जग्गा; २/क २१७३ क्षेत्रफल ०-९-०-० कित्ताफोर भएको।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>-उ.पू. दिशातर्फ खुल्ने झ्याल राखि न्युनत्तम १ मि. छोडि निर्माण हुनु पर्नेमा ०.६ मि मात्र भएको। साइड मार्जिन नपुगेको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम साइड मार्जिन पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २९९.२२ व.मि. मध्ये निर्माण इजाजत लिएको क्षेत्रफल १०१.९२ व.मि. को नियमित शुल्कको १.२ गुणा रु १६२ प्रति व.मि.को दरले रु १६,५११.०४/ र थप बढी निर्माण भएको क्षेत्रफल १९७.३० मध्ये आर.सि.सि. क्षेत्रफल ९९.७८ व.मि को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६. प्रति व.मि. को दरले रु ३६,५१९.४८/- र कर्कटपाता क्षेत्रफल ९७.५२ को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १३८. प्रति व.मि. को दरले रु १३,४५७.७६/- फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु ६८,९८८.२८ शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने। |
| ३.० | • चेतमाया गुरुङ, इ.न.पा. ९ कि.नं. ४/ख ३६१ क्षेत्रफल ०-६-१-२ जग्गा; ३ तल्ला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको । | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको २ (दुई) तला जम्मा प्लिन्थ क्षेत्रफल ८६.४७ व.मि. भएको भवनको मिति २०७९/११/१७ मा प्लिन्थ लेवल निर्माण कार्यको इजाजत जारी भएको ।<br>• २०८१/११/२१ मा ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १३९.९४ व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• तात्कालीन नेपाल राष्ट्रिय भवन संहिता पालना भएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>-सडक तर्फ सडक क्षेत्राधिकार(६ मि.) र सेट ब्याक(१.५मि.) सहित सडकको केन्द्रबाट ४.५ मिटर छोडि निर्माण हुनुपर्नेमा ३.० मिटर मात्र भएको। सेट ब्याक नपुगेको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम सेट ब्याक मापदण्ड पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटब्याकमा परेको भाग घरधनी आफैंले भत्काउने कबुलियतनामा अनुसुचि १३ख गराउने।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १३९.९४ व.मि. मध्ये निर्माण इजाजत लिएको क्षेत्रफल ८६.४७ व.मि को नक्सापास दस्तुरको नियमित शुल्कको १.५ गुणा रु १८७.५० को दरले रु. १६,२१३.१३ र थप बढी निर्माण भएको क्षेत्रफल ५३.४७ व.मि. मध्ये आर.सि.सि. क्षेत्रफल ५.३२ व.मि को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १५० प्रति व.मि. को दरले रु ७९८.०/- र कर्कटपाता क्षेत्रफल ४८.१५ व.मि को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १३८. प्रति व.मि. को दरले रु ६,६४४.७०/- फिल्ड |

बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

| | | | |
|---|---|---|---|
| | | | भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु २५,६५५.८३ शुल्क लिई लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने। |
| ४.० | सेर बहादुर लावती, इ.न.पा. ९ कि.नं. ४/क ४३८ ; क्षेत्रफल ०-४-०-० जग्गा; ३ तल्ला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा कर्कटपाता भएको ३ (तीन) तला जम्मा प्लिन्थ क्षेत्रफल व.मि. भएको भवनको मिति २०६६/०२/३१ मा प्लिन्थ लेबल निर्माण इजाजत जारी भएको ।<br>• २०८२/०३/०५ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा ३ (तीन) तल्ला आर.सि.सि. भवनको जम्मा प्लिन्थ क्षेत्रफल १८८.५२ व.मि. भएको As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>. उ. दिशातर्फ खुल्ने झ्याल राखि न्युनत्तम १ मि. छोडि निर्माण हुनु पर्नेमा ०.८० मि. मात्र भएको। साइड मार्जिन नपुगेको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम साइड मार्जिन पालना नभएको भएतापनि,<br>• संधियारको नाममा १५ दिने सूचना प्रकाशित गरी स्थलगत सरजमिन गर्नुपर्ने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १३९.९४ व.मि. को नक्सापास दस्तुरको अभिलेखिकरण शुल्कको १.२ गुणा रु २४६ प्रति व.मि. को दरले रु ३४,४२५.२४/- र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु ३६,४२५.२४ शुल्क लिई लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने। |
| ५.० | योगेन्द्रमान श्रेष्ट, इ.न.पा. ७ कि.नं. २/ख ४००, क्षेत्रफल ०-३-२-० जग्गा ; ४ तला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ३ (तीन) तला, जम्मा प्लिन्थ क्षेत्रफल २४४.४६ व.मि. भएको भवनको मिति २०५७/१२/०१ को नापी शाखा इलामको जग्गाको स्थलगत सर्जमिन र नक्सा प्रतिवेदनको आधारमा निर्माण भई मिति २०५९/०३/१० मा केदार कुमारी श्रेष्ठ (तात्कालीन जग्गाको हकवाला) को नाममा नक्सा पास गरिएको पत्र जारी भएको ।<br>• २०८१/१०/१७ मा ४ (चार) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ३१६.४४ व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>- पू. दिशातर्फ खुल्ने झ्याल राखि न्युनत्तम १ मि. छोडि निर्माण हुनु पर्नेमा नछाडी निर्माण भएको। साइड मार्जिन नपुगेको।<br>-ग्राउण्ड कभरेज बढिमा ७०% हुनुपर्नेमा ८४.०५% भएको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम ग्राउण्ड कभरेज, साइड मार्जिन र सेटव्याक पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• नक्सामा फरक परेको कारणले भविष्यमा उत्पन्न हुनेसक्ने क्षती आपसमा वेहोर्न मन्जुर हुने सायै उजुर परेमा साविक नापी कार्यालयको निर्णय अनुसार कायम रहने गरी घरधनी र संधियारहरु बीच कबुलियतनामा गराउने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटव्याकमा परेको भाग तथा बढी कभरेज भएको भाग घरधनी |

| | | | |
|---|---|---|---|
| | | -बजार क्षेत्रमा जग्गाको सिमाबाट सेट ब्याक २.५ मि. र छोडि निर्माण नछाडि निर्माण भएको।<br>-साविक नापि नक्सा ब्लुप्रिन्ट र हालको नापी नक्सामा जग्गाको भुजाहरुमा भिन्नता देखिएको तथा सो भिन्नता सम्बन्धि इलाम नापि कार्यालयमा राय पेश माग गरिएको। नापि कार्यालयको राय अनुसार मिति २०५८/०१/१८ मा नापी कार्यालयबाट जारी ब्लुप्रिन्ट नै सदर मानिएको प्रतिवेदन पेश भएको । | आफैले भत्काउने कबुलियतनामा अनुसुचि १३ख गराउने<br>• पेश भए अनुसार ४ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ३१६.४४ व.मि. मध्ये निर्माण इजाजत लिएको क्षेत्रफल २४४.४६ व.मि को नक्सापास दस्तुरको नियमित शुल्कको १.५ गुणा रु २०२.५० को दरले रु. ४९,५०३.१५ र थप बढी निर्माण भएको क्षेत्रफल ७१.९८ व.मि. मध्ये आर.सि.सि. क्षेत्रफल १५.६७ व.मि को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६ प्रति व.मि. को दरले रु ५,७३५.२२/- र कर्कटपाता क्षेत्रफल ५५.८३ व.मि को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १३८. प्रति व.मि. को दरले रु १९,०४४.०/- फिल्ड भेरिफिकेशन शुल्क रु २,५००/- गरी जम्मा हुन आउने रु ७६,७८२.३७ शुल्क लिई लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |
| ६.० | पद माया देवान, इ.न.पा. ७ कि.नं. १/ख ९३; क्षेत्रफल १२७.२० वर्ग मिटर जग्गा; ५ तला भवन निर्माण गरी निर्माण सम्पन्नको लागि पेश भएको | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको १ (एक) तला, जम्मा प्लिन्थ क्षेत्रफल ७५.८९५ व.मि. भएको भवनको मिति २०६९/०९/०६ मा प्लिन्थ लेवल निर्माण इजाजत तथा मिति २०७०/०६/०९ मा सुपरस्ट्रक्चर निर्माण कार्यको इजाजत जारी भएको ।<br>• १ तला थप सहित २ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७६.८० व.मि. भएको संसोधित नक्सा स्वीकृतिका लागि पेस भई मिति २०७०/११/११ स्वीकृत भएको।<br>• पुन १ तला थप सहित ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल २७७.७१ व.मि. भएको संसोधित नक्सा स्वीकृतिका लागि पेस भई मिति २०७१/०२/०२ स्वीकृत भई ३ तला भवनको सुपरस्ट्रक्चर निर्माण कार्यको इजाजत जारी भएको।<br>• २०८२/०३/३१ मा ५ (पाँच) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ४४६.२२ व.मि. भएको संसोधित As Built नक्सा सहित निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको।<br>• विकास निर्माण मापदण्डमा निम्न देखिएको ।<br>- उ. दिशातर्फ खुल्ने झ्याल राखि न्युनत्तम १ मि. छोडि निर्माण हुनु पर्नेमा ०.६ मि मात्र भएको। साइड मार्जिन नपुगेको।<br>-ग्राउण्ड कभरेज बढिमा ७०% हुनुपर्नेमा ८३.५४% भएको।<br>-सडक क्षेत्राधिकार(६ मि.) र सेट ब्याक(१.५मि.) सहित सडकको केन्द्रबाट ४.५ मिटर छोडि निर्माण हुनुपर्नेमा ४.४ मिटर मात्र भएको। | • भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने अनुसुचि १३क कबुलियत गराउने ।<br>• विकास निर्माण मापदण्ड बमोजिम ग्राउण्ड कभरेज, साइड मार्जिन र सेटब्याक पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटब्याकमा परेको भाग तथा बढी कभरेज भएको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा अनुसुचि १३ख गराउने।<br>• पेश भए अनुसार ५ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ४४६.२२ व.मि. मध्ये निर्माण इजाजत लिएको क्षेत्रफल २७७.७१ व.मि को नक्सापास दस्तुरको नियमित शुल्कको १.५ गुणा रु २०२.५० को दरले रु. ५६,२३६.२८ र थप बढी निर्माण भएको क्षेत्रफल १६८.५१ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६ प्रति व.मि. को दरले रु ६१,६७४.६६/- फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु १,२०,४१०.९४ शुल्क लिई लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने। |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ७.० | मुख्यमन्त्री बहुतले पार्किङ, इलाम नगरपालिका, इ.न.पा. ७ कि.नं. २/ख ४६६, १७७, ४५९; क्षेत्रफल क्रमश ४-३-३-०, ०-४-३-३ र ०-३-३-१ जग्गा; ५ तला भवन निर्माण (सरकारी भवन) | • ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ५ (पाँच) तला, जम्मा प्लिन्थ क्षेत्रफल ४३४९.० व.मि. भएको भवन।<br>• नक्सापास प्रकृया बापत दस्तुर रु. ५,९१,७६६.२० मध्ये मिति २०७७/०९/०३ च.नं. ३६४ सहरी विकास तथा भवन कार्यालय, ईलामको पत्रमा ठेक्का सम्झौतामा रु १,००,०००.०/ मात्र भएको जानकारी सहित नक्सापास सम्बन्धि पत्रमा कार्यालयको तोक आदेश बमोजिम रु १,००,०००.०/ असुल भई प्रकृया अघि बढेको।<br>• मिति २०७८/०३/२३ मा प्लिन्थ लेबल निर्माण कार्यको इजाजत जारी भएको ।<br>• मिति २०७९/१०/२९ मा सुपर स्ट्रक्चर इजाजतको लागि पेश।<br>• १६ औं नगरसभाबाट बाँकी हुन आउने सम्पूर्ण नक्सापास दस्तुरमा छुट गरि थप नक्सापास प्रकृया बढाउने निर्णय भएको।<br>• मिति २०८१/०२/३१ मा निर्माण कार्य सम्पन्नको प्रमाणपत्रको लागि पेश भएको।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना भएको। | • मुख्यमन्त्री बहुतले पार्किङ भवन सम्बन्धि निर्माण सम्पन्न भई ईलाम नगरपालिकालाई हस्तानतरण भैसकेकोले निर्माण बमोजिम नियमित नक्सापास निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्ने । |

**निर्णय नं. १३**

संघीय सशर्त बजेट कटौती भएका क्षयरोग कार्यक्रम संयोजक र पशु चिकित्सक तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कर्मचारीहरुको सेवा करार सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय :

क. क्षयरोग कार्यक्रम संयोजकको मात्र मासिक तलब रु ३२,०००।— भुक्तानी हुने गरी सेवा करार सम्झौता थप गर्ने ।

ख. प्रधानमन्त्री रोजगार तर्फ सुमित साह र विप्लब दाहालको सेवा करार थप गर्ने ।

ग. पशु चिकित्सकको सेवा करार म्याद थप नगर्ने ।

**निर्णय नं. १४**

सामुदायिक आँखा अस्पतालको भवन व्यवस्थापनको लागि उक्त भवनलाई नियमानुसार भाडामा लगाउने । द आर्ट अफ लिभिङ्ग, इलामलाई भवन निर्माण प्रयोजनको लागि नेपाल सरकारको नाममा दर्ता कायम रहेको साविक इ.न.प. ६ क ,कि.नं. ३८६ मध्येबाट इलाम नगरपालिका वडा नं. ९ जनक चोक स्थित इलाम सामुदायिक आँखा अस्पताल देखि उत्तर, बगैचा रेष्टुरेन्ट देखी पश्चिम तर्फको सार्वजनिक गोरेटो बाटो छोडी ग्याबिन जालीको पर्खाल देखि दक्षिणको भाग आँखा अस्पताल पछाडी तर्फको १-१-०-० जग्गा उपलब्ध गराउने ।

**निर्णय नं. १५**

एम्बुलेन्स चालक अरुन सेन्चुरीले मिति २०८२।०२।१४ मा पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएको हुँदा निजको सेवा करार सम्झौता मिति २०८२/०३/३२ देखि लागु हुने गरि भंग गर्ने ।

**निर्णय नं. १६**

इ.न.पा. ७ मोटर साइकल पार्किङ्ग भवनको नगरपालिकाको तर्फबाट नै मर्मत सम्भार गर्ने ।

CamScanner

बाह्रौं कार्यपालिका बैठक मिति २०८२।०३।३२ का निर्णयहरु

निर्णय नं. १७

इलाम नगरपालिकाको विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८० को दफा ५ बमोजिमको विज्ञ उपयोग तथा परिचालन समितिको मिति २०८२।०३।३१ को बैठकबाट सिफारिस भई आएका देहायका विज्ञहरुलाई छनौट गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | विज्ञको नामथर | विज्ञता रहेको क्षेत्र | सिफारिस गरिएको विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | राम कुमार शाह | प्रशासन तथा व्यवस्थापन | सुशासन तथा संस्थागत विकास | |

निर्णय नं. १८

उप-प्रमुख सीप विकास कोष संचालन कार्यविधी, २०७६ (संशोधन सहित) को दफा ५क, ५ख, ७च, ७छ र ७छ२ खारेज गर्ने गरि संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

इलाम नगरपालिकाको व्यवस्थित सहरी विकासका लागि एकीकृत शहरी विकास योजना (Integrated Urban Development Plan–IUDP) निर्माण गर्नु पर्ने भएकोमा यसअघि Australian Volunteer Program मार्फत खटिएका स्वयंसेवकबाट Road and Transportation Strategy तयार भइसकेको अवस्थामा अन्य सहरी पूर्वाधार समेत समेटिने गरी एकीकृत शहरी विकास योजना (Integrated Urban Development Plan–IUDP) निर्माण गर्नुपर्ने भएको तथा नगरपालिकाको सीमित स्रोतसाधन तथा सो सम्बन्धमा दक्ष जनशक्तिको अभावका कारण निर्माण गर्न कठिनाई भएको हुँदा सो अध्ययनका लागि आवश्यक अनुदान प्राप्त गर्न नगर विकास कोषमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २०

इलाम नगरपालिका क्षेत्रमा सहरी खानेपानी अन्तर्गत गोलाखर्क टयाङ्कीबाट वडा नं ०९, खाल्डे क्षेत्रमा हाल ५० मि.मि. व्यासको HDPE Pipe प्रयोग भई खानेपानी वितरण भइरहेको छ। उक्त क्षेत्रमा स्थलगत अनुगमन गर्दा हाल प्रयोगमा रहेका ५० मि.मि. एच.डि.पि. पाइपले पानीको चाप (Water Pressure) सहन नसक्ने देखिएको छ। पाइप पटक-पटक फुट्ने, चुहावट हुने, र नियमित रुपमा मर्मत गर्नुपर्ने अवस्थाले पानी आपूर्तिमा अवरोध उत्पन्न भएको, मर्मत खर्च अत्याधिक बढेको र उपभोक्ताले समयमै पानी नपाउने समस्याहरु देखिएको छ। गोलाखर्क टयाङ्की र खाल्डे बीचको Head Difference हेर्दा पानीको चाप बढी देखिन्छ । हाल उक्त सहरी खानेपानी द्वारा जडान भएको ५० मि.मि.को PN-१६ पाइपलाई ५०० मिटर PN-१० या PN-१६ ग्रेडको HDPE पाइपले प्रतिस्थापन गर्ने निर्णय गरियो।

CamScanner